# लेखाविधि (Accounting) [Acc. 103]

## नमुना प्रश्नपत्र २०७७ (Model Question 2077)

**Time: 3 hrs** **Full Marks: 75**

### समुह "क" (Section "A")

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु / Very Short Answer Questions)**

**सबै प्रश्नहरुको उत्तर दिनुहोस्। (Attempt All Questions)** ११ x १ = ११

1. लेखा अभिलेखन भनेको के हो ?
   What is book-keeping?
2. लेखाविधिका कुनै दुई उद्देश्य उल्लेख गर्नुहोस् ।
   Mention any two objective of accounting.
3. मौद्रिक मापन अवधारणको अर्थ लेख्नुहोस् ।
   Write the meaning of money measurement concept.
4. सन्तुलिन परीक्षणलाई परिभाषित गर्नुहोस् ।
   Define trial balance.
5. रेखाङ्कित चेक भनेको के हो ?
   What is cross cheque?
6. सैद्धान्तिक त्रुटिको बारेमा लेख्नुहोस् ।
   Write about error of principle.
7. जगेडा भनेको के हो ?
   What is reserve?
8. पूँजीगत खर्च र आयगत खर्च बीचको कुनै एक भिन्नता लेख्नुहोस् ।
   Write any one difference between capital expenditure and revenue expenditure.
9. ढपोट भनेको के हो ?
   What is dhapot?
10. बैक नगदी किताबको परिभाषा दिनुहोस् ।
    Define bank cash book.
11. बजेट सिटको प्रयोग उल्लेख गर्नुहोस् ।
    State the use of budget sheet.

### समुह "ख" (Section "B")

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरु / Short Answer Questions)**

**सबै प्रश्नहरुको उत्तर दिनुहोस्। (Attempt All Questions)** ८ x ५ = ४०

12. A. लेखाप्रकियालाई संक्षेपमा उल्लेख गर्नुहोस् । **3**
    State accounting process in brief.

B. तलका विवरणहरुको सहयोगबाट लेखा समिकरण तयार गर्नुहोस् । **2**

Prepare accounting equation from following details.

a) नगद रु.२,००,००० र फर्निचर रु. ५,००,००० बाट व्यवसायको शुरुवात गरियो ।
Started business with cash Rs. 2, 00,000 and furniture Rs. 5, 00,000.

b) नगद रु. ८०,००० र उदारो रु. ७०,००० मा सामान खरिद गरियो ।
Purchase goods worth Rs. 80,000 on cash and 70,000 on credit.

c) घर भाडा रु. ९०,००० भुक्तान गरियो ।
Paid rent Rs. 90,000.

d) रु. २०,००० को समान रु. २५,००० मा विकि गरियो ।
Sold goods costing Rs 20,000 on cash Rs. 25,000.

13. A. नगद र बैंकका कारोबारहरु तल दिइएका छन्:

Cash and banking transactions are given below:

पौष १: नगद र बैक मौजदात कमश रु ६०,००० र रु २,००,०००

Poush 1: Opening balance of cash and bank are Rs. 60,000 and 2, 00,000 respectively.

पौष १३: नगद रु ३०,००० बैंकमा जम्मा गरियो ।

Poush 13: Cash deposited in bank of Rs. 30,000.

पौष २२: रामलाई रु.३२,००० चेक मार्फत भुक्तानी गरी रु. ३५,००० को हिसाब मिलान गरियो ।

Poush 22: Paid of Rs. 32,000 to Ram through cheque for settling account of Rs. 35,000.

पौष २७: मेशिन विक्री बापत अविरलबाट रु १९,००० को चेक र रु. ३,००० नगद प्राप्त भयो ।

Poush 27: Received a cheque from Aviral of Rs. 19,000 and cash Rs. 3,000 for selling machine.

तयार गर्नुहोस्: (Required):

तीन महलीय नगद पुस्तिका (Triple column cash book) **3**

B. फर्निचर खरिद सम्बन्धि विवरण तल दिईएका छन् :

Transactions related to furniture purchases are given below:

डिसेम्बर ५: करुण सप्लायर्सबाट खरिद

Dec 5: Purchase from Karuna suppliers

१० कफि टेवल रु. १,००,००० मा (10 coffee tables for Rs. 1,00,000)

२० वटा साना कुर्सि रु. ४,००० को दरमा (20 small chairs @ Rs. 4,000 each)

ब्यापार छुट १० % (Trade discount @ 10% )

डिसेम्वर १९: अन्जली ट्रेडर्सबाट खरिद

Dec 19: Purchased from Anjali traders:

५ वटा पलङ रु १५,००० को दरमा (5 beds @ 15,000 each)

८ वटा सोफा सेट रु. २५,००० को दरमा (8 pieces of sofa @ Rs. 25,000 per sofa)

तयार पार्नुहोस् (Required): खरिद किताब (Purchase book) **2**

14. विवरणहरु निम्नानुसार दिईएका छन् :

Following information are given:

a) नगद किताबले मौज्दात रु ८०,००० देखायो ।
Cash book showed a balance of Rs. 80,000.

b) विभिन्न चेकहरुबाट जम्मा गरिएको रु ७५,००० मध्ये रु २०,००० मात्र बैंकमा जम्मा भएको देखियो ।
Bank credited Rs. 20,000 only out of various cheques of Rs. 75,000 deposited in the bank.

c) रु.९०,००० को चेक जारी भएकोमा रु.१०,००० बराबरको चेक भुक्तानीका लागि बैंकमा आजका मिति सम्म प्रस्तुत भएन ।
Cheques issued of Rs. 90,000 but a cheque of Rs. 10,000 was not presented for payment till the date.

d) ग्राहकले चेक मार्फत जम्मा गरेको रु.४४,००० को नगद किताबका अभिलेख देखिएन ।
A customers deposited a cheque of Rs. 44,000 directly in the bank but has not been recorded in the cash book.

e) बैंकले पास बुकमा बैंक शुल्क रु ५०० खर्च कटाएको देखियो ।
Bank debited Rs. 500 as bank charge in the pass book.

f) रु. १२००० को चेक प्राप्त भयो र नगद किताबमा अभिलेख गरियो तर बैंकमा जम्मा हुन सकेन ।
Cheque of Rs. 12,000 received and entered into the cash book but failed to deposit in the bank.

तयार गर्नुहोस् (Required): बैक हिसाब मिलान विवरण (Bank Reconciliation Statement) **5**

15. A. सन्तुलन परीक्षण तयार गर्नु अगाडि निम्नानुसारका त्रुटिहरुलाई सच्याउनुहोस् । **3**
Rectify following errors before preparing of trial balance.

a) शर्मालाई नगदमा विकि गरिएको रु. ४५,००० उनको खातामा डेबिट गरियो
Cash sales to Sharma Rs. 45,000 debited to his account

b) रु. १९,००० बिकि गरेको मेशिन खरिद किताबमा भुलवश क्रेडिट गरियो
Sales of machinery @ Rs. 19,000 were wrongly credited in sales account.

c) पेमा सँगको रु.२०,००० को वस्तु खरिदलाई बिकि खातामा अभिलेख गरीयो
Purchase goods from Pema Rs. 20,000 recorded in sales book.

**B.** सन्तुलन परीक्षणबाट निम्नानुसारका विवरणहरु झिकिएको छन्
Following information are extracted from the trial balance

| विवरण (Particulars ) | डेबिट (Debit) रु.(Rs.) | केडिट (Credit) रु.(Rs) |
|---|---|---|
| विविध आसामीहरु (Sundry debtors) | 52,000 | |
| खराब ऋणको प्रावधान (Provision for bad debt) | | 7,000 |
| खराब ऋण (Bad debt) | 1,000 | |

थप जानकारी (Additional information)

a) खराब ऋण रु.२,००० (Bad debt Rs. 2,000)

b) खराब ऋणको प्रवधान ५% (provision for bad debt @ 5%)

तयार गर्नुहोस् (Required): खराब ऋणको प्रावधान खाता (Provision for bad debt account **2**

अथवा (Or),

A ट्रेडिङ्ग कम्पनीको असमायोजित सन्तुलन परीक्षण विवरण निम्नानुसार दिईएको छ

An unadjusted trial balance of 'A' trading concern is given below

| विवरण (Particulars) | डेबिट (Debit) रु.(Rs.) | विवरण (Particulars) | केडिट (Credit) रु.(Rs) |
|---|---|---|---|
| जमिन तथा भवन (Land and building) | 400,000 | पूँजी (Capital) | 425,000 |
| आसामी (Debtors) | 225,000 | साहु (Creditors) | 120,000 |
| बैंक मौज्दात (Bank balance) | 145,000 | बिक्री (Sales) | 515,000 |
| तलब (Salary) | 80,000 | ऋण (Loan) | 250,000 |
| कार्यालय खर्च (Office expenses) | 40,000 | | |
| खरिद (Purchase ) | 380,000 | | |
| नगद (Cash) | 25,000 | | |
| अग्रिम बीमा (Prepaid insurance) | 15,000 | | |
| जम्मा(Total) | 13,10,000 | जम्मा(Total) | 13,10,000 |

थप जानकारी (Additional information):

a) अग्रिम कार्यालय खर्च (Office expenses prepaid) Rs 3,000

b) जमिनको मूल्य बृद्धि (Land appreciated by) 10%

c) तिर्न बाँकी तलब (Salary outstanding) Rs. 1500

d) खराब ऋण कट्टी (Bad debts written off) Rs. 2500

e) अग्रिम वीमाको समाप्ती (Prepaid insurance expire) Rs. 10,000

तयार गर्नुहोस् (Required): समायोजित सन्तुलन परीक्षण (Adjusted Trial balance) **5**

16. जनवरी १, २०१८ मा ABC कम्पनीले रु. ६,००,००० मा मोटर भेन खरिद गऱ्यो । जुलाई १, २०१९ मा कम्पनीले अर्को मोटर भेन रु. ८,००,००० मा खरिद गऱ्यो । १ जुलाई २०२० मा पहिला खरिद गरेको मोटर भेनलाई नगद रु. ५०,००० धाटामा बिकि गऱ्यो र सोहि मितीमा रु. १०,००,००० बराबरको अर्को मोटर भेन खरिद गऱ्यो ।

स्थिर किस्ता विधिमा मूल्य ह्रासकट्टी १०% का दरले प्रतिवर्ष काटिन्छ र हरेक वर्ष कम्पनीको कारोबार डिसेम्बरको ३१ मा बन्द गरिन्छ ।

On 1st January, 2018 ABC Company purchased a motor van at Rs. 6, 00,000. On 1st July, 2019, company purchased another van worth Rs. 8, 00,000. On 1st July 2020, the first motor van was sold bearing the loss of Rs. 50,000 and on the same date company purchased another van for Rs. 10,00,000. Depreciation was charged @10% p.a. under fixed installment method. The accounts of the company were closed on 31st December each year.

तयार गर्नुहोस् (Required): तीन वर्षकोलागी मोटर भेन खाता (Motor Van account for the first three years) **(1+2+2=5)**

17. नवीन ट्रेर्डसको चैत्र ३०, २०७१ को सन्तुलित परीक्षण तल दिईएको छ,

Trial balance of Nabin Trader on Chaitra 30, 2071 is given below.

| विवरण (Particulars) | रु.(Rs.) | विवरण (Particulars | रु.(Rs.) |
|---|---|---|---|
| विकि खर्च (Selling expenses) | 5,000 | कुल नाफा(Gross profit b/d) | 87,000 |
| ब्याज (Interest) | 5,000 | साहु (Creditors) | 8,000 |
| आसामी (Debtors) | 25,000 | बैंक ऋण(Bank loan) | 19,000 |
| खराब ऋण (Bad debt) | 2,000 | खराब ऋणको प्रावधान (Provision for bad debt) | 2,000 |
| बीमा (Insurance) | 1000 | पूँजी (Capital) | 50,000 |
| तलब (Salaries) | 20,000 | | |
| लगानी (Investment) | 40,000 | | |
| नगद (Cash) | 14,000 | | |
| मेसिन (Machinery) | 50,000 | | |
| भाडा (Rent) | 4,000 | | |
| जम्मा (Total) | 166,000 | जम्मा (Total) | 166,000 |

थप थिप विवरण (Additional information)

a) मेसिनरीमा मूल्यह्रास १०% प्रतिवर्ष (Depreciation on machinery 10% p.a)

b) तिर्न बाँकी तलब रु.४००० (Salary payable Rs. 4,000)

c) नयाँ खराब ऋण रु. १,००० (New bad debt Rs. 1,000)

तयार गर्नुहोस् (Required):

a) नाफा नोक्सान खाता (Profit & Loss account)

b) वासलात (Balance sheet) **(3+2)**

18. रेडक्रसको निम्नानुसारका विवरणहरु दिईएका छन् (Red Cross provides following information):

१-१-२०१८ को वासालत (Balance Sheet as on 1-1- 2018)

| दायित्व (Liabilities) | Amount | Assets | Amount |
|---|---|---|---|
| पूँजी कोष (Capital fund)<br>ऋण (Loan) | 4,00,000<br>60,000 | स्थर सम्पत्ती (Fixed assets)<br>लगानी (Investments)<br>अन्तिम नगद मौज्दात (Closing cash balance) | 3,00,000<br>1,00,000<br>60,000 |
| जम्मा (Total) | 4,60,000 | जम्मा (Total) | 4,60,000 |

रेडक्रसको मिति ३१-१२-२०१८ का प्राप्ती र भुक्तानीलाई तल दिईएको छ

Receipts and payments of Red Cross are given below as on 31st -12-2018

**प्राप्ती (Receipts)**

सदस्य शुल्क (Subscriptions) Rs. 50,000

प्रवेश शुल्क (Entrance fees) Rs. 30,000

लगानीमा ब्याज (interest on investment) Rs. 5,000

पुरानो फर्निचर विक्री (Sale of old Furniture) Rs. 5,000

**भुक्तानी (Payment)**

टुर्नामेन्ट खर्च (Tournament expenses) Rs.10,000

ज्याला(wages) Rs. 20,000

प्रिन्टिङ (Printing) Rs. 7,500

सामान्य खर्च (General expenses) Rs. 12,000

समाचारपत्र(Newspaper) Rs. 1,800

अन्य विवरणहरु निम्नानुसार दिईएको छ (Other information and outstanding are given below):

a) प्रिन्टिङ खर्च तिर्न बाँकी रु. ५०० र ज्याला तिर्न बाँकी रु. ३००(Printing outstanding Rs. 500 and wages outstanding Rs. 3,000)

b) ४०% प्रवेश शुल्क पुँजीगत (40% of the entrance fee is to be capitalized)

c) स्थिर सम्पत्तीको मूल्य ऱ्हास १० % (Fixed assets depreciate by 10%)

d) सदस्य शुल्क बाँकी रु.२२,००० (Subscription due for the year Rs. 22,000)

तयार गर्नुहोस् (Required):

a. प्राप्ती र भुक्तानी खाता (Receipts and payment a/c)

b. आय तथा व्यय खाता (Income and Expenditure a/c) **(2+3)**

19. A. श्वेताले एकोहोरो लेखा प्रणाली अर्न्तगत लेखा राख्ने गर्दछिन । उनले जनवरी १, २०१७ मा रु. २,००,००० मा ब्यवसाय शुरु गरिन् । उनी प्रतिमहिना रु. २,००० का दरले घर खर्चका लागि ब्यवसायबाट नगद झिक्ने गर्दछिन । उनको वर्षको अन्तिमको ब्यवसायको विवरण निम्नानुसार दिईएको छ ।

Shweta keeps her account under the single entry system. She started a business with Rs. 2,00,000 on 1st Jan, 2017. She withdraws Rs. 2,000 per month for household work. The position of her business at the end of the year was as follows;

| | |
|---|---|
| स्थिर सम्पत्ती (Fixed assets) | Rs. 1,90,000 |
| मौज्दात (Inventory) | Rs. 85,000 |
| तिर्नबाँकी खर्च (Due expenses) | Rs. 10,000 |
| साहु (Creditors) | Rs. 50,000 |
| आसामी (Debtors) | Rs. 40,000 |
| बैंक मौज्दात (Bank balance) | Rs. 60,000 |

तयार गर्नुहोस् (Required):

a) अन्तिम अवस्था विवरण (Closing statement of affairs)

b) नाफा नोक्सान विवरण (Statement of profit and loss) **(1+1=2)**

B. जिल्लास्तरीय कार्यालयको कारोबारको निम्नानुसारको विवरण दिईएको छ :

Following transactions of District level office are given:

a) चैत १, घरधनी शैलेषलाई प्रति महिना रु. ८,००० का दरले ३ महिनाका घरभाडा भुक्तान गरियो ।
Chaitra 1, House rent @ Rs. 8000 per month for three month paid to house owner Sailesh

b) चैत १५, ना.सु. रामचन्द्रले रु. ५००० को फर्निचर विल र रु. १००० को बैंक भौचर पेश भएकाले निजको पेश्की रु ६००० फर्छ्यौट गरियो ।
Chaitra 15, Furniture advance of Rs. 5000 was cleared as per bill of Rs. 6000 and bank voucher of Rs. 1000 submitted by Na. Su. Ramchandra

c) कर्मचारीको कार्तिक महिनाको पारिश्रमिक रु. ३०००० (संचयकोष थप बाहेक) मध्ये रु. ६००० कर्मचारी संचयकोष, रु.३००० सामाजिक सुरक्षा कोष र रु. १५०० आयकर कट्टा गरी रकम वितरण गरियो ।
Staff renmeration of kartik Rs. 30000 (with out provident fund) was distributed after deducting P.F. Rs. 6000, social security Rs. 300 and income tax Rs. 1500.

तयार गनुहोस् (Required): जर्नल भौचर (Journal Vouchers) **(1+1+1=3)**

अथवा(Or),

निम्नानुसारका जानकारीहरु दिईएका छन् (Following information are given):

| बजेट उपशिर्षक (Budget sub-heads ) | बार्षिक बजेट (Annual budget) | फाल्गुण सम्मको खर्च (Expenses up to Falgun) |
|---|---|---|
| कर्मचारीको खर्च (Employee remuneration) | 800,000 | 400,000 |
| कार्यालय सामाग्री (Office materials) | 120,000 | 60,000 |
| घरभाडा (House rent ) | 140,000 | 80,000 |
| फर्निचर र फिटिङ्ग (Furniture and fitting) | 80,000 | 35,000 |
| सवारी साधन (Vehicles) | 500,000 | 350,000 |

चैत्र महिनाको खर्च (Expenditure for the month of Chaitra):

चैत्र १, फर्निचर खरिद रु १०,००० (Chaitra 1: Purchase furniture Rs. 10,000)

चैत्र ५, सवारी खरिद रु १००,००० (Chaitra 5: Purchase vehicles for Rs.100,000)

चैत्र १०, अग्रिम भाडा भुक्तानी रु. १०,०००(Chaitra 10: Advance rent paid for Rs 10,000)

चैत्र २८, आय कर रु.१००० र संचयकोष रु. ८००० कट्टी गरेर कर्मचारीको पारिश्रमीक रु. ३५००० वितरण गरियो । (Chaitra 28 Distributed Rs. 35,000 for employee's remuneration after deducting income tax Rs. 1,000 and P.F. Rs 8,000)

तयार गर्नुहोस् (Required): बजेट विवरण (Budget Sheet) **5**

## समुह "ग" (Section "C")

### (बिस्तृत उत्तरात्मक प्रश्नहरु / Short Answer Questions)

**सबै प्रश्नहरुको उत्तर दिनुहोस् । (Attempt All Questions)** **३ x ८ = २४**

20. समरियन कम्पनिको विवरण निम्नानुसार दिईएका छन्:

Information of Samriyan Enterprises is given below

a. नगद रु.२०,००० मा ब्यवसाय शुरु
   Started a business with Rs. 200,000

b. रामसँग रु.१५,००० को समान खरिद
   Purchase goods of Rs. 15,000 from Ram

c. नगद रु. १८,००० मा समान विकि
   Goods sold on cash Rs 18,000

d. रामलाई रु. १०,००० नगद तिरियो
   Cash paid to Ram Rs. 10,000

e. रामसँग फेरी नगद रु. २०,००० को समान खरिद

Again goods purchase from Ram of Rs. 20,000

f. रामलाई रु. २४,००० तिरेर सम्पुर्ण कारोवार राफसाफ गरियो

Paid to Ram Rs. 24,000 in full settlement of his account.

तयार गर्नुहोस् (Required):

a. जर्नल भौचर(Journal Entries) b. आवश्यक लेजर (Necessary Ledger) c. सन्तुलन परीक्षण (Trail Balance) **(3+4+1)**

21. दीपक स्टोरको ३१, डिसेम्बर २०२० को सन्तुलन परीक्षण निम्नानुसार दिइएको छ :

The trail balance of Deepak Store as on 31st December, 2020 is given below:

| विवरण (Particulars) | रु.(Rs.) | विवरण (Particulars) | रु.(Rs.) |
|---|---|---|---|
| प्लान्ट र मेशिनरी(Plant and machinery) | 360,000 | फर्निचर विकी नाफा (Gain on sale of furniture) | 10,000 |
| तलब खर्च(Salary expenses) | 71,000 | साहु (Creditor) | 96,000 |
| विकी भएको वस्तुको लागत (Cost of goods sold) | 755,000 | विकी (Sales) | 1053,000 |
| आसामी (Debtors) | 34,500 | प्लान्ट र मेशिनरीको संचित मूल्यह्रास (Accumulated depreciation on plant and machinery) | 45,000 |
| अन्तिमको मोज्दात (Stock at end) | 110,000 | 15% बैंक ऋण ( Bank loan ) | 56,000 |
| पूँजी फिर्ता (Drawing) | 15,000 | पूँजी (Capital) | 350,000 |
| 10% लगानी (Investment) | 120,000 | लगानीमा ब्याज (Interest on investment ) | 10,000 |
| ख्याती (Good will) | 48,500 | | |
| ग्याँस र ईन्धन खर्च (Gas and oil expenses) | 8,000 | | |
| नगद (Cash) | 40,000 | | |
| मर्मत खर्च (Repair expenses) | 34,000 | | |
| अग्रिम बीमा (prepaid insurance) | 24,000 | | |
| जम्मा (Total) | 1620,000 | जम्मा (Total) | 1620,000 |

थप जानकारी (Additional information)

a. तलब बिक्रीको ८०% र प्रशासनिक खर्चको २०%

Salaries are 80% of selling and 20% administrative expenditure.

b. खर्च भएको बीमा रु. १८००० 

Insurance expires of Rs. 18,000

c. प्लान्ट र मेशिनरीको मूल्य ह्रास १५%

Depreciation on plant and machinery is 15%

d. ग्याँस तथा ईन्धन खर्चहरु बिक्री खर्च

Gas and oil expenses are selling expenses.

तयार गर्नुहोस् (Required):

a. आय विवरण (Income statement based on NFRS)

b. वासलात (Balance sheet based on NFRS) **(4+4=8)**

अथवा(Or),

सरकारी लेखा प्रणाली भनेको के हो? नँया सरकारी लेखा प्रणालीका विशेषताहरु उल्लेख गर्नुहोस् । **(3+5=8)**

What is government accounting? Explain the features of new government accounting system.

22. A. बैंक नगदी किताब तयार गर्न निम्न कारोबारहरु दिईएका छन् **4**

Following transactions are given to prepare a bank cash book.

माघ १, बैंक मौज्दात रु. ७५,०००

Marga 1: Balance at Bank Rs. 75,000

माघ ३, बजेट निकासा रु. ३,२५,००० बराबरको बैंक आदेश प्राप्त भयो

Marga 3: Received bank transfer order Rs. 3, 25,000 as a budget release

माघ ९, फर्निचर खरिदका लागी रु. २०,००० को चेक जारी गरियो ।

Marga 9: Issued a cheque of Rs. 20,000 for purchasing furniture.

माघ २२, अधिकृत सुवोध रेग्मीले रु. १०,००० को पुस्तक खरिद गरेको विल र रु. ३,००० नगद पेश गरे बमोजिम निजको पेश्की फछ्र्यौट गरियो ।

Marga 22: Cleared advance of Subodh Regmi against the submission of bill of book purchase amount of Rs. 10,000 and cash Rs. 3,000.

माघ ३०, कर्मचारीको माघ महिनाको पारिश्रमिक रु.८८,००० मध्ये रु. १६,००० संचयकोष र रु. ४,००० आयकर कट्टा गरी बाँकी रकम भुक्तान गरियो ।

Marga 22, Distributed total salary of Rs. 88,000 after deduction of Provident fund Rs. 16,000 and income tax of Rs. 4,000.

B. निम्नानुसारका जानकारीहरु दिईएका छन् (Following information is given):

| बजेट शिर्षक (Budget Heads) | बार्षिक बजेट (Annual Budget) | भाद्र सम्मको खर्च (Expenditure upto Bhadra) | आश्विनको खर्च (Expenditure of Aswin) |
|---|---|---|---|
| तलब (Salaries) | 2,75,000 | 55,000 | 24,000 |
| भत्ता (Allowances) | 80,000 | 10,000 | 6,000 |
| कार्यालय खर्च(Office | 60,000 | 15,000 | 3,000 |
| expenses) | 1,50,000 | | |
| घरभाडा (House rent) | 75,000 | 25,000 | 12,000 |
| फर्निचर र फिटिङ (Furniture | | 35,000 | -------- |
| and fittings) | 2,00,000 | | |
| मेशिन (Machinery) | | ------- | 80,000 |
| जम्मा (Total) | 8,40,000 | 1,40,000 | 1,25,000 |

थप जानकारी (Additional information):

a) शोधभर्ना कोष रु २,९५,००० (Revolving fund received Rs. 2, 95,000)

b) नगद मौज्दात रु. २,००० (Cash Balance Rs. 2,000)

c) फछ्यौट हुन बाँकी पेश्की रु. १५,००० (Unclear advance Rs. 15,000)

d) नजिकको कार्यालयबाट ऋण रु. ३,००० (Loan by nearby office Rs. 3,000)

तयार गर्नुहोस् (Required): खर्चको फाँटवारी (Statement of expenditure) [**4**]